# बुढीनन्दा नगरपालिका

## कोल्टी, बाजुरा

## बुढीनन्दा नगरपालिकाकोविनयोजन ऐन,२०७८

**प्रस्तावनाः**

बुढीनन्दा नगरपालिकाको आर्थिक बर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उप—धारा (२)बमोजिम बुढीनन्दा नगर सभाले यो ऐन बनाएको छ।

१. सक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "बुढीनन्दा नगरपालिकाविनियोजन ऐन,२०७८ रहेको छ।
   (२) यो ऐन २०७८ साल श्रावण १ गते बेखि प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०७८/०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१)आर्थिक वर्ष २०७८/०७९ को निमित्त नगर कार्यपालिका, मातहतका निकायहरु,वडाकार्यालय, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पूँजीगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकमरु ४३ करोड ३२लाखमात्रमा नबढाई निर्दिष्ट गरिए बमोजिम स्थानीय सञ्चित कोषबाट खर्च गर्नसकिनेछ।

३. विनियोजनः (१)यस ऐन द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/०७९ को निमित्त बुढीनन्दा नगरपालिकाको नगर कार्यपालिका, माताहतका निकायहरु,वडाकार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिएको छ।

   (२) यस ऐनले विनीयोजन गरेको रकम खर्च गर्दा यसैसाथ संलग्न अनुसुची १ मा उल्लेख भए अनुसार गरिएको छ।

   (३) उपदफा १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिकाको कार्यालय,माताहतका निकायहरु वडा कार्यालय बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनै बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यापालिकाले बचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा रकम सार्न सक्ने प्रस्ताव गरिएको छ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशत सम्म प्रमुख प्रशासकीय अधिकृतले सो भन्दा बढी १५ प्रतिशत सम्म नगरपालिका प्रमुखले र सो भन्दा बढी नगर कार्यपालिकाले २५ प्रतिशतमा नबढ्ने गरि कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गरि रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत

खर्च र वित्तीय व्यवस्थापनतर्फ विनियोजित  रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न नसकिने प्रस्ताव गरिएको छ। तर चालु तर्फको पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतमा रकम सार्न सकिने व्यवस्था गरिएको छ।

(४)उपदफा (२)मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकमा सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट रकम सार्न परेमा नगरसभाबाट स्वीकृति लिन पर्नेछ।

(५) यस दफाको अन्यत्र जुनसुकै व्यवस्था भएपनि चालु खर्चमा विनियोजित रकम खर्च नहुने भएमा पूँजीगत कार्यक्रम स्वीकृत गरी खर्च गर्न बाधा पर्ने छैन।

(६) विविध शिर्षकमा विनियोजन भएको रकम आवश्यक शिर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

४. वित्तीय अनुशासनः (१) नगरपालिकाले आफुले उठाएको राजस्व र यस ऐन वमोजिम प्राप्त गरेको अनुदान कानुन बनाई खर्च गर्न सक्नेछ ।

(२)उपदफा(१) वमोजिम कानून बनाउंदा बेहायका कुराहरु पालना हुने गरी बनाउनु पर्दछ ।

(क) नेपाल सरकार र प्रदेश सरकारको आर्थिक तथा वित्तिय नीति अनुशरण गर्ने ।

(ख) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा खर्च गर्नु पर्नेछ ।

(ग) पुँजिगत खर्चको रुपमा विनियोजित रकम चालु खर्चमा रकमान्तर गर्न पाईनेछैन ।

(घ) आय-ययको वर्गिकरण तथा लेखाङ्कन नेपाल सरकारले निर्धारण गरे वमोजिम राख्नु पर्ने ।

५. थप अनुदान प्राप्त भएमा: यस विधेयक मा प्रस्ताव गरिए बाहेक नेपाल सरकार प्रदेश सरकार दातृ निकाय जनसहभागिता वा कुनै पनि स्रोतबाट थप कार्यक्रम संचालन गर्ने गरी संचित कोषमा रकम प्राप्त हुन आएमा सो रकम समेत यसै ऐनबाट विनियोजन भएको मानि संचित कोषमा जम्मा गरी संचित कोषबाट खर्च गर्न बाधा पर्ने छैन।

६. अख्तियारी तथा कार्यक्रम स्वीकृत सम्बन्धि व्यवस्थाः (१)प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि विनियोजित भएको रकम प्रचलित कानुनको अधिनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिन देखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ ।

(२)चालु खर्त तर्फको सम्बन्धित स्वीकृत बार्षिक बजेटको तोकिएको खर्च शीर्षकमा विनियोजित रकमा बढी नहुने गरि कतै दर तोकिएको भए सो दर अनुसार र नतोकिएको भए बजेटको सीमा को ख्याल गरि दर स्वीकृत गरि खर्च लेख्ने अधिकार बुढीनन्दा नगर कार्यपालिका  बुढीनन्दा नगर कार्यपालिकाको कार्यालयको अधिकार प्राप्त अधिकारी तथा लेखा उत्तरदायी अधिकारीलाई प्रत्यायोजन गरिएकोछ।

(३) उपदफा (१)वमोजिम खर्च गर्ने अख्तियारीको आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयले विनियोजन भएको रकम निकासा दिनेछ ।

(४) स्थानिय सन्चित कोष व्यवस्थापन प्रणाली(सुत्रमा)भएको कुनै कार्यक्रम संशोधन गर्नु पर्ने भएमा समबन्धित निकायको सहमतिमा गर्नु पर्नेछ ।

खर्च अनुमोदन तथा संशोधन : (१) आ.व.२०७८/०७९ का लागि स्वीकृत बजेट तथा कार्यक्रम क्षेत्रगत मात्र विनियोजन भई योजनागत/क्रमागत विभाजन हुन बाँकीरहेका बजेट तथा कार्यक्रमहरुको कार्यान्व्यन गर्न

**नगरपालिका  नगर** प्रमुखको निर्णय तथा कार्यपालिकाको कार्यालय लेखा उत्तरदायी अधिकारीबाट गरिएका विनियोजनहरुमा समेत यसै ऐन बमोजिम भएको मानिनेछ।

(२)आ.व. २०७८/०७९ स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयनका सन्दर्भमा कुल विनियोजन मा फरक नपर्ने गरी शीर्षक गत विनियोजित रकममा फरक हुन गएका शिर्षक र मिलान गरिने शिर्षकको विवरण सहित तयार गरिएको संशोधन अनुसूची (१) मा संलग्न राखी स्वीकृति गरिएको छ।

८. कार्यविधी तथा मापदण्ड बनाउन सक्नें (१)यस ऐनको कार्यान्वयन गर्न नगरपालिकाले सार्वजनिक खर्चको मापदण्ड,कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका कार्यापालिकाबाट स्वीकृत गरि लागु गर्न सक्नेछ ।

(२)उपदफा (१)वमोजिम बनाएको कार्यविधि र मापदण्ड राजपत्रमा प्रकाशित गरिनेछ ।

९. आदेश जारी गर्न सक्नेः (१)यस ऐनको कार्यान्वयनकमा कुनै बाधा उत्पन्न भएमा नगरकार्यपालिकाले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२)उपदफा (१)वमोजिमको आदेश राजपत्रमा प्रकाशित गरिनेछ ।

अनुसुची -१

दफा ३ को उपदफा (२) अनुसार विनियोजित रकम

# बुढिनन्दा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
### कोल्टी,बाजुरा

रु. हजारमा

| रु. हजारमा | | | |
|---|---|---|---|
| शीर्षक | आ.व. २०७६/७७ को यथार्थ | आ.व. २०७७/७८ को संशोधित अनुमान | आ.व. २०७८/७९ को अनुमान |
| आय | ३४,७०,३४ | ४५,२९,३५ | ४१,३३,४३ |
| राजस्व | ५,११,७८ | ७,९१,६६ | ८,५३,८५ |
| आन्तरिक श्रोत | २,८२ | १०,५० | २५,०० |
| ११३१४ भुमिकर/मालपोत | | ० | ५० |
| ११३२१ घरवहाल कर | १,६० | २,०० | २,५० |
| ११३२२ वहाल विटौरी कर | | ० | १,७० |
| १४२४२ नक्सापास दस्तुर | | ० | ५० |
| १४२४३ सिफारिश दस्तुर | | २,०० | १,५० |
| १४२४५ नाता प्रमाणित दस्तुर | | १,५० | ५० |
| १४२४९ अन्य दस्तुर | | २,०० | ० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | | ० | ५,०० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | १,२१ | ३,०० | १,५० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | ५,०८,९६ | ७,८१,१६ | ८,२८,८५ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ३,५०,६९ | ७,६८,३२ | ३,८६,८६ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | १,४८,५२ | ० | ३,८६,८६ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ९,७४ | १२,८४ | ५४,९७ |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | | ० | १५ |
| अन्य आय | | ० | ११,३० |

| | | | |
|---|---|---|---|
| १४५२९ अन्य राजस्व | | ० | १०,०० |
| १५१११ बेरूजू | | ० | १,३० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | २९,५८,५६ | ३७,३७,६९ | ३२,७९,५८ |
| संघीय सरकार | २७,५२,८० | ३४,५०,११ | ३१,०२,०० |
| १३३११ समानिकरण अनुदान | ११,१२,०० | १०,८४,०० | ११,१७,०० |
| १३३१२ शसर्त अनुदान  चालु | १५,९०,८० | २१,२६,११ | १७,४२,०० |
| १३३१३ शसर्त अनुदान  पुँजीगत | | ० | ७१,०० |
| १३३१४ विषेश अनुदान चालु | ५०,०० | २,००,०० | ० |
| १३३१५ विषेश अनुदान पुँजीगत | | ० | ८३,०० |
| १३३१६ समपुरक अनुदान चालु | | ४०,०० | ० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | | ० | ८९,०० |
| प्रदेश सरकार | २,०५,७६ | २,८७,५८ | १,७७,५८ |
| १३३११ समानिकरण अनुदान | ६८,५७ | ६८,८७ | ८१,१५ |
| १३३१२ शसर्त अनुदान  चालु | ४५,२० | ३५,१० | ० |
| १३३१४ विषेश अनुदान चालु | | ४३,०० | ३५,०० |
| १३३१६ समपुरक अनुदान चालु | ९१,९९ | १,४०,६१ | ६१,४३ |
| बैदेशिक | | | |
| जनसहभागिता | | | |
| वित्तीय व्यवस्था (प्राप्ति) | | | |
| | | | |
| व्यय | ३१,८५,७९ | ४७,२४,३८ | ४४,८३,४३ |
| चालु | १९,७५,४३ | २७,५३,६७ | २९,३२,९५ |
| २११११ पारिश्रमिक कर्मचारी | ११,८८,५९ | १४,३३,२२ | १२,४७,४६ |
| २१११२ पारिश्रमिक पदाधिकारी | ७२,१५ | ६,२२ | ० |
| २११२१ पोशाक | १९,२० | ७,७० | ३,९० |
| २११२३ औषधीउपचार खर्च | ० | ५,०० | १,०० |
| २११३१ स्थानीय भत्ता | १,२७,४१ | २३,२४ | ४२,५३ |
| २११३२ महंगी भत्ता | ३८,१५ | ४,४६ | ९,९६ |
| २११३४ कर्मचारीको बैठक भत्ता | ७,०८ | ५,०० | ५,५० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ० | १५,०० | १०,०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | ३,५४ | १४,२५ | ३,३३ |
| २११४२ पदाधिकारीअन्य सुबिधा | २,९८ | १,१९,९६ | ९७,५६ |

| | | | |
|---|---|---|---|
| २१२१२ कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ० | २,५० | ५,०० |
| २१२१३ कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | ० | ३,०० | २,०० |
| २१२१४ कर्मचारी कल्याण कोष | ३,८० | ५,०० | ५,०० |
| २२१११ पानी तथा बिजुली | ४१ | २,२५ | १,७४ |
| २२११२ संचार महसुल | ५,०५ | ६,३७ | ५,१८ |
| २२२११ इन्धन (पदाधिकारी) | ९२ | ६,१६ | ७,०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ३,९६ | ५,२५ | ५,०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | ४,२७ | ७,०० | ५,०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ० | ५,०० | ३,०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ० | ५,०० | ३,८४ |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ० | ० | ९७ |
| २२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | ० | ० | १,०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ६३,७६ | ८४,१० | ४६,३५ |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | २३,६१ | २,८४ | ४२,९० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | ० | ० | १,५० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २१,११ | ३५,०० | २८,२० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ० | ० | ८,०० |
| २२४११ सेवा र परामर्श खर्च | १९,८८ | ८०,०० | ६९,०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ० | १०,२० | ५,०० |
| २२४१३ करार सेवा शुल्क | ० | ७३,६१ | २,७६,०४ |
| २२४१४ सरसफाईसेवा शुल्क | ० | ० | १,५० |
| २२५११ कर्मचारी तालिम खर्च | ० | ३,०० | ३,०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ० | ५,०० | ७,०० |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | ० | ० | १,०० |
| २२५२२ कार्यक्रम खर्च | ९५,३८ | १,८६,४४ | २,७५,०१ |
| २२५२९ विविध कार्यक्रम खर्च | ११,३९ | १,८३,२९ | १,४१,१७ |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | १,७५ | १,२० | ८० |
| २२६१२ भ्रमण खर्च | २८,८० | ४४,५६ | ३९,१२ |
| २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ० | १०,०० | ५,०० |

| | | | |
|---|---|---|---|
| २२७११ विविध खर्च | १,८७,२९ | १,७६,५१ | ३,८६,२२ |
| २२७२१ सभा सञ्चालन खर्च | ४,४३ | ५,०० | ५,०० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ५,०० | १,१०,०० | ५५,५० |
| २७२१३ औषधीखरिद खर्च | १६,५० | ३४,३२ | ४४,६४ |
| २८१४२ घरभाडा | १३,११ | १७,०० | १८,०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ५,७९ | १०,०० | ७,०० |
| २८९११ भैपरी आउने चालु खर्च | ० | ० | ० |
| पूंजीगत | १२,१०,३६ | १९,७०,७१ | १५,५०,४८ |
| ३११११ आवासीय भवन निर्माण/खरिद | ३,१३,२२ | ० | २७,५० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ० | ० | ४,८२,९० |
| ३१११४ जग्गा विकास कार्य | ९३,०० | ७,५० | ७,०० |
| ३११२१ सवारी साधन | १०,६३ | २०,०० | ३५,०० |
| ३११२२ मेशिनरी तथा औजार | १,८६ | ८,९२ | २६,५० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | १५,२० | २७,०० | १४,४५ |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | ३,४९ | १,०० | १३,०० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ० | २,५० | ० |
| ३११३५ पूँजीगत परामर्श खर्च | ० | १७,९० | २,०० |
| ३११५१ सडक तथा पूल निर्माण | २,५५,५९ | ३,१६,५२ | ३,५२,४३ |
| ३११५३ विद्युत संरचना निर्माण | ८०,९१ | ६६,०० | ३०,०० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ७५,०० | १३,०० | ३०,२५ |
| ३११५५ सिंचाई संरचना निर्माण | ५,०० | ५६,७० | ४२,४० |
| ३११५६ खानेपानी संरचना निर्माण | १,४२,४० | १,०१,३७ | १,६६,१० |
| ३११५७ वन तथा वातावरण संरक्षण | २,४९ | ७,०० | ५० |
| ३११५८ सरसफाई संरचना निर्माण | ४६,८५ | ३,५० | ० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | १,५९,६८ | १२,९१,३० | ३,१८,४५ |
| ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | ५,०० | ५० | ० |
| ३१४११ जग्गाप्राप्ति खर्च | ० | ३०,०० | २,०० |
| बजेट बचत (+)/न्यून | २,८४,५४ | (१,९५,०२) | (३,५०,००) |
| गत वर्षको नगद मौज्दात | ४,५६,५४ | १,९५,०२ | ३,५०,०० |